कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ बमोजिम कामकारोवार गर्न इजाजतपत्रप्राप्त "ग" वर्गको वित्तीय संस्था

# नमस्ते वित्तीय संस्था लिमिटेड

**Namaste Bittiya Sanstha Limited**

(नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतपत्रप्राप्त संस्था)
घोराही, दाङ्ग
फोन नं.०८२-५६१६५९, ५६२८६० फ्याक्स नं. ०८२-५६१५५९
इमेल:info@nbsl.com.npवेबसाइट: www.nbsl.com.np

**को**

# हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु

चुक्ता पूँजी रु. ३,७५,००,०००/- को १: १को अनुपातमा (अर्थात् विद्यमान १कित्ता शेयर बराबर नयाँ १ कित्ता शेयरको दरले) शेयरधनीहरुलाईरु. ३,७५,००,०००।– शेयर पूँजी बराबर प्रति शेयर रु.१०० ।– अंकित दरका कुल ३,७५,००० कित्ता शेयरहरुको हकप्रद शेयर निष्काशन गर्नका लागि प्रकाशित

दरखास्तसाथ प्रति शेयर रु.१००।– को दरले माग गरिएको

## निष्काशन तथा बिक्री प्रवन्धकको उद्घोषण

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/सञ्चालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यवस्थापकिय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु"मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई हामीले यो "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा "धितोपत्र सम्बन्धी ऐन, २०६३" र "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०६५"अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (ड्यू डेलिजेन्स् सर्टिफिकेट) प्रस्तुत गरेका छौं।

धितोपत्र लगानीमा हुनसक्ने जोखिमबारे लगानीकर्ता स्वयंले विचार गर्नुपर्ने छ। यस नमस्ते वित्तीय संस्थाले गर्ने भएको काममा निहित सम्भावित जोखिमहरुबारे यस विवरणको दफा २० मा उल्लेख गरिएको छ।

नेपाल धितोपत्र बोर्डबाट स्वीकृत भएको मिति : २०७३/०७/२४
हकप्रद शेयर निष्काशन खुल्ला हुने मिति :२०७३/०९/०८
हकप्रद शेयर निष्काशन बन्द हुने मिति :२०७३/१०/१३

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक:

NMB CAPITAL LIMITED

## एनएमबि क्यापिटल लिमिटेड

नागपोखरी, काठमाडौं फोन: ९७७-१-४४३७९६३, फ्याक्स: ९७७-१-४४३७९६०
इमेल: info@nmbcl.com.npवेबसाइट: www.nmbcapital.com.np

# हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु

२. **संगठित संस्थाको नाम :**नमस्ते वित्तीय संस्था लिमिटेड (Namaste Bittiya Sanstha Limited)

३. **रजिष्टर्ड कार्यालय :** यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय राप्ती अञ्चल, दाङ्ग जिल्ला, घोराही नगरपालिका वडा नं. ११ घोराही मा रहेको छ।

४. **कारोबार स्थान :** यस वित्तीय संस्थाको कारोवार स्थान दाङ्ग जिल्ला, घोराहीनगरपालिका वडा नं. ११ घोराहीमा रहेको छ र आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकको स्वीकृति लिई शाखा, उप शाखा वा अन्य सम्पर्क कार्यालय खोली कारोवार गर्न सक्नेछ।

५. **संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :**

**५.१ वित्तीय संस्थाको संक्षिप्त परिचय :**

नमस्ते वित्तीय संस्था लिमिटेड कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६३/०७/०३ मा नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ अनुसार मिति २०६४/०२/२७ मा नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न स्वीकृति प्राप्त “ग” श्रेणीको वित्तीय संस्था हो र यस वित्तीय संस्थाले २०६४/०३/२५ गतेदेखि वित्तीय कारोवार शुरू गर्दै आएको छ

**५.२ वित्तीय संस्थाको उद्देश्य :**

वित्तीय संस्थाको प्रबन्ध–पत्रको दफा ३ तथा नियमावलीको नियम ३ मा उल्लेख गरिए बमोजिम नेपाल राष्ट्र बैंक ऐन २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ तथा अन्य प्रचलित कानूनको अधीनमा रही वित्तीय कारोवार (वित्तीय व्यवसाय) गर्ने यस वित्तीय संस्थाको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेको छ :-

(क) वित्तीयसंस्थाकानिक्षेपकर्ता तथा शेयरधनिको हक हितको संरक्षण र सम्बर्द्धन गर्दैसर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय सेवा उपलब्ध गराउने।

(ख) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यवसायिक रुपले सम्भाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवम् उत्पादकत्व बृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य स्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवम् कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुऱ्याउने।

(ग) उपलब्ध शीप, श्रम तथा पूँजीलाई उचित रुपमा परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवम् रोजगारीमूलक व्यवसायको स्थापना, विकास, विस्तार एवम् प्रबर्द्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने।

(घ) मुलुकमा छरिएर रहेका पूँजीलाई एकिकृत गरी संस्थागत लगानी तथा स्वस्थ प्रतिस्पर्धाको माध्यमबाट वित्तिय मध्यस्थताको सेवा उपलब्ध गराउने।

(ङ) साना उद्यमिहरु लगायत वर्गहरु औद्योगीक प्रतिष्ठानहरुलाई चालु र स्थिर पूँजी ऋण स्वरुप उपलब्ध गराई देशको समग्र आर्थीक विकासमा मद्दत पुऱ्याउने।

(च) नेपालको मुद्रा बजार र पूँजी बजारमा आउने नेपाल सरकारको ऋणपत्र, नेपाल राष्ट्र बैंकको ऋण पत्र, विभिन्न धितोपत्रहरु, डिवेञ्चर र त्यस्तै अन्य उपकरणको प्राथमिकता तथा दोश्रो बजारमा सम्मिलित भई बजारको विकासमा टेवा पुऱ्याउनुका साथै बचत परिचालनमा संलग्न हुने।

६. **शेयर पूँजीको संरचना :**

**(क)अधिकृत पूँजी :**वित्तीय संस्थाकोअधिकृत पूँजी रु. १०,००,००,०००/- (अक्षेरपी दश करोड मात्र) रहेको छ। उक्त पूँजीलाई रु.१००/- का दरले १०,००,००० (दश लाख) थान शेयरमा विभाजन गरिएको छ।

**(ख) जारी पूँजी :**वित्तीय संस्थाको जारी शेयर पूँजी रु. ७,५०,००,०००।– (अक्षेरपी सात करोड पचास लाख मात्र)रहेको छ। उक्त पूँजीलाई रु. १००।- का दरले ७,५०,००० (अक्षेरपी सातलाख पचास हजार) थान शेयरमा विभाजन गरिएको छ।

**(ग) चुक्ता पूँजी :**वित्तीय संस्थाकोहाल चुक्ता पूँजी रु. ३,७५,००,०००।– (अक्षेरपी तीन करोड पचहत्तर लाख मात्र) रहेको छ। यस हकप्रद शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् वित्तीय संस्थाकोचुक्ता पूँजी रु. ७,५०,००,०००।– (अक्षेरपी सातकरोड पचास लाखमात्र) हुनेछ।

७. हकप्रद शेयर निष्काशन गर्नु पूर्व र निष्काशन पश्चात् कम्पनीको चुक्ता पूँजीको स्थिति :

क.शेयरको हकप्रद निष्काशन गर्नुपूर्व कम्पनीको चुक्ता पूँजीको संरचना

| समूह | शेयरधनीहरु | शेयर संख्या | पूँजी संरचना | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| क | संस्थापक शेयरधनीहरु | २,२५,००० | ६०% | २,२५,००,०००.०० | शतप्रतिशत |
| ख | सर्वसाधारण शेयरधनीहरु (कर्मचारी सहित) | १,५०,००० | ४०% | १,५०,००,०००.०० | शतप्रतिशत |
| **जम्मा** | | **३,७५,०००** | **१००%** | **३,७५,००,०००.००** | **शतप्रतिशत** |

ख. शेयरको हकप्रद निष्काशन गरी बाँडफाँड गरे पश्चात् हुने संस्थाको चुक्ता पूँजीको संरचना

| समूह | शेयरधनीहरु | शेयर संख्या | पूँजी संरचना | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| क | संस्थापक शेयरधनीहरु | ४,५०,००० | ६०% | ४,५०,००,०००.०० | शतप्रतिशत |
| ख | सर्वसाधारण शेयरधनीहरु (कर्मचारी सहित) | ३,००,००० | ४०% | ३,००,००,०००.०० | शतप्रतिशत |
| **जम्मा** | | **७,५०,०००** | **१००%** | **७,५०,००,०००.००** | **शतप्रतिशत** |

**८. हालका शेयरधनीहरुको समूह खुल्ने गरी संस्थापकहरुको हकमा निजहरुको नाम, ठेगाना र उनीहरुले लिएको शेयर संख्या तथा संस्थागत संस्थापकहरुको हकमा उक्त संस्थाको संचालकहरुको नाम तथा ठेगाना (प्राकृतिक व्यक्ति नखुलेसम्म) :**

वित्तीय संस्थाकोहालका शेयरधनीहरु र उनीहरुले लिएको शेयर संख्या निम्न बमोजिम छ।

| क्र.सं | शेयरधनीहरुको नाम | समूह | शेयर संख्या | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| १ | सुनिल कुमार रेग्मी | क | ११,३५५ | १,१३५,५००.०० | शतप्रतिशत |
| २ | बलदेव पौडेल | क | १,५०० | १५०,०००.०० | „ |
| ३ | कृष्णा चौधरी | क | १,५०० | १५०,०००.०० | „ |
| ४ | विजय कुमार पोखेल | क | ३,००० | ३००,०००.०० | „ |
| ५ | पिताम्बर पौडेल | क | ३,००० | ३००,०००.०० | „ |
| ६ | बुद्धि प्रकाश रावत | क | ३,००० | ३००,०००.०० | „ |
| ७ | श्रवणकुमार शर्मा आचार्य | क | ४,५०० | ४५०,०००.०० | „ |
| ८ | बलदेव योगी | क | ९,००० | ९००,०००.०० | „ |
| ९ | रन्जित श्रेष्ठ | क | १,५०० | १५०,०००.०० | „ |
| १० | दिनेश चन्द्र पौडेल | क | २,१३० | २१३,०००.०० | „ |
| ११ | हेमराज सुवेदी | क | १,२४५ | १२४,५००.०० | „ |
| १२ | विजय पौडेल | क | २,१३० | २१३,०००.०० | „ |
| १३ | गिर बहादुर अधिकारी | क | ३,००० | ३००,०००.०० | „ |
| १४ | रमेश गौतम | क | ३,००० | ३००,०००.०० | „ |
| १५ | दामोदर खनाल | क | २४,३६० | २,४३६,०००.०० | „ |
| १६ | शुसिल पौडेल | क | २,४९० | २४९,०००.०० | „ |
| १७ | हरिकृष्ण कनोजिया | क | १,२४५ | १२४,५००.०० | „ |
| १८ | लक्ष्मण अधिकारी | क | १,५०० | १५०,०००.०० | „ |
| १९ | शंकर किरण अधिकारी | क | ३,००० | ३००,०००.०० | „ |
| २० | अम्मरराज शर्मा | क | १,५०० | १५०,०००.०० | „ |
| २१ | बिनय कुमार मिश्र | क | ७,५०० | ७५०,०००.०० | „ |
| २२ | अन्जन कुमार पौडेल | क | ७,२३० | ७२३,०००.०० | „ |
| २३ | हरि प्रसाद शर्मा | क | ९,७५० | ९७५,०००.०० | „ |
| २४ | सुधाकर पोखेल | क | ५,२५० | ५२५,०००.०० | „ |
| २५ | बिनोद कुमार विश्वकर्मा | क | ४,५०० | ४५०,०००.०० | „ |
| २६ | सुरेश पौडेल | क | १२,९९० | १,२९९,०००.०० | „ |
| २७ | प्रकाश श्रेष्ठ | क | ३,००० | ३००,०००.०० | „ |
| २८ | राजेन्द्र विक्रम शाह | क | ३,००० | ३००,०००.०० | „ |
| २९ | बसन्त कुबंर | क | १,२४५ | १२४,५००.०० | „ |
| ३० | पूरुषोतम खनाल | क | ६,००० | ६००,०००.०० | „ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३१ | सान्तोना शर्मा | क | ३,००० | ३००,०००.०० | „ |
| ३२ | बुद्धी प्रकाश सुवेदी | क | ९,९९० | ९९९,०००.०० | „ |
| ३३ | किरण कुमार आचार्य | क | ६,६०० | ६६०,०००.०० | „ |
| ३४ | कुलराज न्यौपाने | क | ५,४९० | ५४९,०००.०० | „ |
| ३५ | लक्ष्मण कुमार वि.सी. | क | १,५०० | १५०,०००.०० | „ |
| ३६ | कमल पोखेल | क | २,२५० | २२५,०००.०० | „ |
| ३७ | निर्मल देवकोटा | क | २७,७५० | २,७७५,०००.०० | „ |
| ३८ | नविन योगी | क | १,५०० | १५०,०००.०० | „ |
| ३९ | पुरुषोतम प्रसाद सापकोटा | क | ७,५०० | ७५०,०००.०० | „ |
| ४० | विमला योगी | क | १,५०० | १५०,०००.०० | „ |
| ४१ | शारदा शर्मा | क | १,५०० | १५०,०००.०० | „ |
| ४२ | भुपाल गिरी | क | ६,००० | ६००,०००.०० | „ |
| ४३ | गोपाल बहादुर बेलवासे | क | ३,००० | ३००,०००.०० | „ |
| ४४ | ज्ञानेन्द्र कुमार पोखेल | क | १,५०० | १५०,०००.०० | „ |
| ४५ | यज्ञ बहादुर घर्ती | क | १,५०० | १५०,०००.०० | „ |
| ४६ | सर्वसाधारण शेयरधनीहरु (कर्मचारी सहित) | ख | १५०,००० | १५,०००,०००.०० | „ |
| **जम्मा** | | | **३७५,०००** | **३७,५००,०००.००** | **शतप्रतिशत** |

**९. निष्काशन गरिने हकप्रद शेयरको संख्या तथा त्यसको अनुपात :**

वित्तीय संस्थाले हकप्रद शेयर निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मिति २०७३/०८/२४ भन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुलेयस हकप्रद शेयर निष्काशनमा आवेदन दिन सक्नेछन्। सो शेयरधनीहरुको लागि निजहरुको नाममा कायम रहेको शेयरको १: १को अनुपातमाहुन आउने शेयरका लागि दरखास्तसाथ प्रति शेयर रु.१००।– को दरले भुक्तानी माग गर्ने गरी रु. ३,७५,००,००० ।-शेयर पूँजी बराबर प्रति शेयर रु.१००।– अंकित दरका कुल ३,७५,००० कित्ता शेयरहरुको हकप्रद शेयर निष्काशन गरिएको छ।

**१०. हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा साधारण सभाले गरेको निर्णय तथा साधारण सभा सम्पन्न भएको मिति :**

वित्तीय संस्थाको मिति २०७३/०२/२९ मा बसेकोविशेष साधारण सभाबाट पारित निर्णय अनुसार १: १को अनुपातमा (विद्यमान् १कित्ता शेयर बराबर नयाँ १ कित्ताको दरले) ३,७५,००० कित्ता हकप्रद शेयर निष्काशन गर्ने सर्वसम्मतिबाट निर्णय गरिएको छ।

**११. सञ्चालक तथा कार्यकरी प्रमुखको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभवः**

**क.** वित्तीय संस्थाको सञ्चालक समितिमा देहाय बमोजिमका व्यक्तिहरु सञ्चालक रहनुभएको छ।

| क्र.सं. | नाम | पद | उमेर | राष्ट्रियता | ठेगाना | शेयर स्वामित्व | शैक्षिक योग्यता | अनुभव (सम्बन्धित वा अन्य) |
|---|---|---|---|---|---|---|---|---|
| १ | श्री निर्मल देवकोटा (संस्थापक शेयरधनीको तर्फबाट प्रतिनिधित्व ) | अध्यक्ष | ६२ बर्ष | नेपाली | घोराही न.पा. ११, घोराही दाङ | २७,७५० कित्ता | स्नातकोत्तर (अर्थशास्त्र) | • शिक्षण पेशामा (अर्थशास्त्र) ३५ वर्ष भन्दा बढीको कार्य अनुभव (सह प्रध्यापक त्रि.वि.)<br>• बैंक तथा वित्तीय क्षेत्रमा ९ वर्ष कार्य अनुभव |
| २ | श्री अन्जन कुमार पैडेल (संस्थापक शेयरधनीको तर्फबाट प्रतिनिधित्व) | सञ्चालक | ४३ बर्ष | नेपाली | घोराही न.पा. ६, मसिना दाङ | ७,२३० कित्ता | स्नातक | • बैंक तथा वित्तीय क्षेत्रमा ९ वर्ष भन्दा बढी कार्य अनुभव<br>• निर्धन संस्था (NGO), अन्तराष्ट्रिय निर्धन संस्था (INGO) र सहकरी संस्थामा १८ वर्ष भन्दा बढी कार्य अनुभव |
| ३ | श्री सुनिल कुमार रेग्मी (संस्थापक शेयरधनीको तर्फबाट प्रतिनिधित्व) | सञ्चालक | ४५ बर्ष | नेपाली | घोराही न.पा. २, पछ्र्कुर्का दाङ | ११,३३५ कित्ता | स्नातक | • बैंक तथा वित्तीय क्षेत्रमा ९ वर्ष भन्दा बढी कार्य अनुभव<br>• निर्धन संस्था (NGO) र अन्य सामाजिक संस्थामा १८ वर्ष भन्दा बढी कार्य अनुभव |
| ४ | श्री नारायण प्रसाद भण्डारी (सर्वसाधारण शेयरधनीको तर्फबाट प्रतिनिधित्व) | सञ्चालक | ५९ बर्ष | नेपाली | घोराही न.पा. ११, घोराही दाङ | ४८७५ कित्ता | एस.एल.सि. | • बैंक तथा वित्तीय क्षेत्रमा २ वर्ष भन्दा बढी कार्य अनुभव<br>• सहकरी संस्था र अन्य सामाजिक संस्था र टेडिङ्ग व्यवसायमा १५ वर्ष भन्दा बढी कार्य अनुभव |
| ५ | श्री पर्शुनारायण श्रेष्ठ (सर्वसाधारण शेयरधनीको तर्फबाट प्रतिनिधित्व) | सञ्चालक | ५२ बर्ष | नेपाली | घोराही न.पा. ११, घोराही दाङ | ४८७५ कित्ता | दशम् कक्षा | • बैंक तथा वित्तीय क्षेत्रमा २ वर्ष भन्दा बढी कार्य अनुभव<br>• सहकरी संस्था र अन्य सामाजिक संस्था र ट्रेडिङ्ग व्यवसायमा ७ वर्ष भन्दा बढी कार्य अनुभव |

**ख. कार्यकारी प्रमुखको विवरण**

| क्र.सं. | नाम | पद | ठेगाना | शैक्षिक योग्यता/अनुभव |
|---|---|---|---|---|
| १ | श्री भुपाल गिरी | कार्यकारी प्रमुख | घोराही न.पा. ११, घोराही, दाङ | स्नातक (मानविकि)<br>• ३२ वर्ष नेपाल बैंक लि.मा कार्यरत रही अनुभव प्राप्त सो अवधिभर १० बर्ष सहायक स्तर र २२ बर्ष अधिकृत छैठौं, सातौ र आठौं तहमा विभिन्न शाखाहरुमा शाखा प्रबन्धक, क्षेत्रिय निरिक्षण विभाग प्रमुखको रुपमा कार्य सम्पन्न गरेको<br>• ९ बर्ष वित्तीय संस्थाको कार्यकारी प्रमुख पदमा रही सेवामा कार्यरत रहेको<br>• बैंकिङ्ग सेवा अवधिभर CSI, PCRW, Banking Marketing, Accounting Training Program, Project Apprisal & Financing, Risk Management सम्बन्धी तालिम हासिल |

**१२. सञ्चालक समितिको बनौट :**

वित्तीय संस्था बैंकको नियमावलीको नियम ८ मा भएको व्यवस्था अनुसार ६ (छ) जना सञ्चालक रहेको एक सञ्चालक समितिको व्यवस्था गरिएको छ। सञ्चालक समितिमा सञ्चालक सदस्यहरुको प्रतिनिधित्व देहाय बमोजिम रहेको छ।

| | |
|---|---|
| संस्थापक शेयरधनीहरुको समूहबाट मनोनित वा निर्वाचित | ३ (तीन) जना |
| सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गरी निर्वाचित | २ (दुई) जना |
| स्वतन्त्र व्यवसायिक विशेषज्ञ सञ्चालक | १ (एक)जना* |

* राष्ट्र बैंकले कायम गरेको व्यावसायिक विशेषज्ञहरुको सूचीबाट समितिले नियुक्त गरेको व्यावसायिक संचालकको पद हालको लागि रिक्त रहेको छ।

सञ्चालकहरुको कार्यकाल ४ (चार) वर्षको हुनेछ।

यस वित्तीय संस्थाको सञ्चालकको पदमा नियुक्त हुनको लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा कम्तीमा १०० (एक सय) कित्ता शेयर लिएको हुनुपर्नेछ। तर स्वतन्त्र व्यवसायिक विशेषज्ञ सञ्चालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा यो व्यवस्था लागु हुने छैन।

**१३. लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्तसाथ पठाउनु पर्ने पेश्की रकम :**

यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मार्फत् निष्काशन तथा बिक्री गरिने हकप्रद शेयरको लागि आवेदन दिंदा यस निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मिति २०७३/०८/२४ भन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुले आफ्नो नाममा कायम शेयरको १ : १को अनुपातमा (विद्यमान १ कित्ता शेयर बराबर नयाँ १ कित्ता शेयरको दरले) हुन आउने शेयरका लागि आवेदन दिन सक्नेछन्। यसरी आवेदन दिंदा हक वापतको शेयर संख्या खण्डित शेयरमा आएमा नेपाल धितोपत्र बोर्डबाट दिइएको निर्देशन अनुसार खण्डित शेयरलाई पूर्ण कित्ताको रुपमा नपुग रकम समेत बुझाइ आवेदन दिन सक्नेछन्। त्यसो गर्दा कम्पनीको पूँजी संरचना परिवर्तन हुने अवस्था आएमा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गरिनेछ र थप धितोपत्र बोर्डमा दर्ता गरिने व्यहोरा वार्षिक साधारण सभाबाट निर्णय गरिनेछ। यसरी खण्डित हकप्रद शेयरलाई धितोपत्र बोर्डबाट दिइएको निर्देशन अनुसार बाँडफाँड गर्ने निर्णय वित्तीय संस्थाको सञ्चालक समितिले गर्नेछ।

यसरी निर्णय गर्दा यस हकप्रद निष्काशन मार्फत जारी गरिएका सम्पूर्ण शेयरकालागि आवेदन नपरी शेयर बाँकी रहन गएमा सो बाँकी शेयरबाट माथि उल्लेख गरिए अनुसारको खण्डित शेयरलाई पूर्ण कित्ताको रुपमा परिणत गर्न आवश्यक शेयर मिलान गरी बाँडफाँड गरिनेछ। तर यस हकप्रद निष्काशनमा निष्काशित सम्पूर्ण शेयरहरुको लागि आवेदन पर्न आएमा खण्डित शेयरलाई पूर्ण कित्तामा परिणत गरी बाँडफाँड गर्ने प्रक्रिया र सो बढी शेयरको दर्ता सम्बन्धी निर्णय सम्बन्धित नियमन निकायसँग समन्वय गरी प्रचलित शेयर बाँडफाँड सम्बन्धी व्यवस्था अनुसार गरिनेछ।

यदि कुनै शेयरधनीले आफूले हकप्रद आधारमा खरीद/दरखास्त गर्न पाउने शेयर संख्या भन्दा बढी शेयरका लागि आवेदन दिएमा सो बढी शेयरलाई बाँडफाँडमा समावेश गरिने छैन। त्यसरी नै कुनै शेयरधनीले आफूले हकप्रद आधारमा खरीद/दरखास्त गर्न पाउने शेयर संख्या भन्दा कम शेयरका लागि दरखास्त दिएमा सोही बमोजिम नै गणना कायम गरिनेछ। दरखास्तसाथ प्रति शेयर रु.१००।– को दरले आवेदन दिने शेयर संख्यालाई गुणन गर्दा हुन आउने बराबरको एकमुष्ठ नगद रकम वा सो बराबरको रकम निष्काशन बैंकमा जम्मा गरेको भौचर वा बैंक ड्राफ्ट दरखास्त फारमसाथ संलग्न भएको हुनुपर्नेछ।

**१४. साविकका शेयरधनीले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका सो शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था :**

शेयरधनीहरुले आफूले प्राप्त गर्ने हकप्रद शेयरको लागि आवेदन नबुझाई वा आफ्नो हक अनुसारको शेयर भन्दा कम शेयरका लागि आवेदन बुझाई शेयर बाँकी रहेको खण्डमा यसरी बाँकी रहेका शेयरहरुलाई सञ्चालक समितिको निर्णयद्वारा धितोपत्र निष्काशन

निर्देशिका, २०६५ तथा नेपाल राष्ट्र बैंकबाट जारी निर्देशनमा भएको व्यवस्था बमोजिम अत्यन्त पारदर्शी तरिका (जस्तै लिलाम बढाबढ) द्वारा बिक्री गर्नेछ।

**१५. हकप्रद शेयरको अनुपात भन्दा बढी शेयर खरिद गर्न पाउने/नपाउने सम्बन्धी व्यवस्था :**

वित्तीय संस्थाले यस हकप्रद निष्काशन प्रयोजनका निम्ति आफ्नो शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मिति २०७३/०८/२४ भन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुले शेयर खरिद गर्दा आफ्नो नाममा कायम शेयरको १: १को अनुपातमा (विद्यमान् १कित्ता शेयर बराबर नयाँ १ कित्ता) हुन आउने शेयरको लागि आवेदन दिन सक्नेछन् (साथै शेयरधनीहरुले आफूले हकप्रद आधारमा माथि उल्लेखित खरिद/दरखास्त गर्न पाउने भन्दा बढी शेयर खरिदका लागि दरखास्त दिन नमिल्ने तर खरिद/दरखास्त गर्न पाउने भन्दा कम शेयर खरिदका लागि दरखास्त दिन चाहेमा सो अनुसार दरखास्त दिन सक्नेछन्।

**१६. संगठित संस्थाको संचालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतीत भई नसकेको अवस्थामासञ्चालन अवधिको वित्तीय विवरण (सहायक कम्पनी भए समष्टिकृत रुपमा) तथा आगामी ३ वर्षको प्रक्षेपित वित्तीय विवरणका साथै प्रक्षेपित प्रति शेयर आम्दानी (EPS), प्रति शेयरनेटवोर्थ, नेटवोर्थमा प्रतिफल र निष्काशनपूर्वको प्रति शेयर आम्दानी कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक प्रतिफल :**

वित्तीय संस्थाको विगत तीन आर्थिक वर्ष (आ.व.) को वास्तविक, व्यवस्थापनबाट प्रमाणितआ.व.२०७२/७३को अपरिष्कृततथा आगामी तीन आर्थिक वर्षको लागि प्रक्षेपित वित्तीय विवरण देहाय बमोजिम छ :

**वासलात**

| पूँजी तथा दायित्व | वास्तविक (रु. हजारमा) | | | ०७२/७३ आषाढ | प्रक्षेपित (रु. हजारमा)** | | |
|---|---|---|---|---|---|---|---|
| | ०६९/७० | ०७०/७१ | ०७१/७२ | मसान्त* | ०७३/७४ | ०७४/७५ | ०७५/७६ |
| शेयर पूँजी | ३१,२५० | ३१,२५० | ३७,५०० | ४५,००० | ८२,५०० | ८२,५०० | ८२,५०० |
| जगेडा तथा कोषहरु | ४,०५४ | ५,५४३ | ५,८८५ | १०,१०५ | २४,८५२ | ४६,८८८ | ७८,३९४ |
| ऋणपत्र तथा बन्ड | - | - | - | - | - | - | - |
| तिर्न बाँकी कर्जा सापट | - | - | - | - | - | - | - |
| निक्षेप दायित्व | ११४,१८६ | २१९,८८४ | २७६,५२५ | ४०६,९१९ | ५२८,९९४ | ६७७,११३ | ८८०,२४६ |
| भुक्तानी दिनुपर्ने बिलहरु | - | - | - | - | - | - | - |
| प्रस्तावित नगद लाभांश | २,५०० | ३,१२५ | १,२५० | ३९५ | - | - | - |
| आयकर दायित्व | ७८ | १४६ | - | - | ६६५ | ९६९ | १,३९१ |
| अन्य दायित्व | २,१५९ | ३,३१५ | ४,०९१ | ५,५४३ | ७,९६० | १०,८१६ | १३,६९० |
| **कूल पूँजी तथा दायित्व** | **१५४,२२७** | **२६३,२६४** | **३२५,२५१** | **४६७,९६१** | **६४४,९७२** | **८१८,२८५** | **१,०५६,२२३** |
| **सम्पत्ति** | **वास्तविक (रु. हजारमा)** | | | **०७२/७३ आषाढ** | **प्रक्षेपित (रु. हजारमा)**** | | |
| | ०६९/७० | ०७०/७१ | ०७१/७२ | मसान्त* | ०७३/७४ | ०७४/७५ | ०७५/७६ |
| नगद मौज्दात | २,०६२ | १,९४१ | ३,७९५ | ५,७७८ | १०,०३७ | १४,०६५ | १७,५६५ |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | - | - | - | - | - | - | - |
| बैंक/वित्तीय संस्थामा रहेको मौज्दात | ३,२४५ | ५,३३१ | ६,२९८ | ९,५५१ | २५,७४० | ३०,६२७ | ३७,८१५ |
| माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | ४८,८९२ | ११७,६७५ | ९९,७२४ | १९४,२१९ | २३६,०७८ | २५३,२०१ | २७२,०३२ |
| लगानी | - | - | - | - | ६,००० | १०,००० | १५,००० |
| कर्जा सापट तथा बिल खरीद | ९८,०३० | १३६,३६६ | २१३,१०२ | २५६,३१३ | ३६३,८४३ | ५०५,७४१ | ७०८,०३८ |
| स्थिर सम्पत्ति | १,२३५ | ९९६ | ८८१ | ६४७ | ४९० | ५८१ | ८८३ |
| गैर बैंकिङ्ग सम्पत्ति | - | - | - | - | - | - | - |
| अन्य सम्पत्ति | ७६४ | ९५५ | १,४५० | १,४५३ | २,७८४ | ४,०६९ | ४,८८९ |
| **कूल सम्पत्ति** | **१५४,२२७** | **२६३,२६४** | **३२५,२५१** | **४६७,९६१** | **६४४,९७२** | **८१८,२८५** | **१,०५६,२२३** |

**नाफा-नोक्सान हिसाब**

| विवरण | वास्तविक (रु. हजारमा) | | | ०७२/७३ आषाढ | प्रक्षेपित (रु. हजारमा)** | | |
|---|---|---|---|---|---|---|---|
| | ०६९/७० | ०७०/७१ | ०७१/७२ | मसान्त* | ०७३/७४ | ०७४/७५ | ०७५/७६ |
| ब्याज आम्दानी | १६,३१२ | २१,००७ | ३३,४८९ | ४४,६२३ | ५९,६०९ | ७९,२७३ | १०५,१४९ |
| ब्याज खर्च | ७,७५१ | १०,८६६ | १७,२६७ | २४,१६८ | ३२,४९४ | ४०,८६३ | ५२,८२३ |
| **खुद ब्याज आम्दानी** | **८,५६२** | **१०,१४१** | **१६,२२२** | **२०,४५५** | **२७,११५** | **३८,४१०** | **५२,३२६** |
| कमिशन तथा डिस्काउण्ट | १९४ | १६९ | १२५ | १२० | १३९ | ३१६ | ४५८ |
| अन्य सञ्चालन आम्दानी | २,२८२ | २,९०६ | ४,३३१ | ४,६५४ | ६,७१० | ९,२५५ | १२,९२४ |
| सटही घटबढ आम्दानी | - | - | - | - | - | - | - |
| **कूल सञ्चालन आम्दानी** | **११,०३७** | **१३,२१६** | **२०,६७८** | **२५,२२९** | **३३,९६४** | **४७,९८१** | **६५,७०८** |
| कर्मचारी खर्च | ३,२६४ | ३,२०५ | ३,५७६ | ४,५७५ | ६,०९८ | ६,४८३ | ७,९०४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| अन्य सञ्चालन खर्च | २,०१४ | २,४७६ | २,७०० | २,९९८ | ३,५२३ | ३,६७० | ४,२३३ |
| सटही घटबढ नोक्सान | - | - | - | - | - | - | - |
| **सम्भावित नोक्सानी व्यवस्था अधिको सञ्चालन मुनाफा** | **५,७५९** | **७,५३५** | **१४,४०२** | **१७,६५६** | **२४,३४३** | **३७,८२८** | **५३,५७१** |
| सम्भावित नोक्सानी व्यवस्थाहरु | ३९८ | १७९ | १,९०० | १३३ | १,३६२ | ३,३४४ | ४,२२९ |
| **सञ्चालन मुनाफा** | **५,३६१** | **७,३५६** | **१२,५०२** | **१७,५२३** | **२२,९८१** | **३४,४८४** | **४९,३४१** |
| गैर सञ्चालन आम्दानी/नोक्सान | - | - | - | - | - | - | - |
| सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | - | - | - | - | - | - | - |
| **नियमित कारोबारबाट भएको मुनाफा** | **५,३६१** | **७,३५६** | **१२,५०२** | **१७,५२३** | **२२,९८१** | **३४,४८४** | **४९,३४१** |
| असामान्य कारोबारहरुबाट भएको मुनाफा/खर्च | - | - | - | - | - | - | - |
| **सम्पूर्ण कारोबार समावेश पछिको खुद मुनाफा** | **५,३६१** | **७,३५६** | **१२,५०२** | **१७,५२३** | **२२,९८१** | **३४,४८४** | **४९,३४१** |
| कर्मचारी बोनश व्यवस्था | ४८७ | ६६९ | १,१३७ | १,५९३ | २,०८९ | ३,१३५ | ४,४८६ |
| **आयकर व्यवस्था** | **१,४६६** | **२,०७३** | **३,५२४** | **४,७३६** | **६,१४५** | **९,३१३** | **१३,३५०** |
| क) यस वर्षको | १,६१५ | २,२२३ | ३,६२२ | ५,०५३ | ६,६५५ | ९,६९२ | १३,९१५ |
| ख) गत वर्षसम्मको | - | - | - | - | - | - | - |
| ग) स्थगन कर आम्दानी/खर्च | (१५०) | (१५१) | (९८) | (३१८) | (५१०) | (३७९) | (५६५) |
| **खुद नाफा/नोक्सान** | **३,४०८** | **४,६१५** | **७,८४१** | **११,१९४** | **१४,७४७** | **२२,०३६** | **३१,५०६** |

## नाफा-नोक्सान बाँडफाँड हिसाब

| विवरण | वास्तविक (रु. हजारमा) | | | ०७२/७३ | प्रक्षेपित (रु. हजारमा)** | | |
|---|---|---|---|---|---|---|---|
| | ०६९/७० | ०७०/७१ | ०७१/७२ | आषाढ मसान्त* | ०७३/७४ | ०७४/७५ | ०७५/७६ |
| **आम्दानी** | | | | | | | |
| गत वर्षसम्मको संचित मुनाफा | ७,१०२ | ९२८ | १,३४४ | ९४१ | १,६८४ | १२,९७१ | ३०,२२२ |
| यस वर्षको मुनाफा | ३,४०८ | ४,६१५ | ७,८४१ | ११,१९४ | १४,७४७ | २२,०३६ | ३१,५०६ |
| सटही घटबढ कोष | - | - | - | - | | | |
| **जम्मा** | **१०,५०९** | **५,५४३** | **९,१८६** | **१२,१३५** | **१६,४३०** | **३५,००८** | **६१,७२८** |
| **खर्च** | | | | | | | |
| गत वर्षसम्मको संचित नोक्सान | - | - | - | - | - | - | - |
| यस वर्षको नोक्सान | - | - | - | - | - | - | - |
| साधारण जगेडाकोष | ६८२ | ९२३ | १,५६८ | २,२३९ | २,९४९ | ४,४०७ | ६,३०१ |
| भैपरी आउने जगेडा | - | - | - | - | - | - | - |
| संस्था विकास कोष | - | - | - | - | - | - | - |
| लाभांश समीकरण कोष | - | - | - | - | - | - | - |
| कर्मचारी सम्बन्धी जगेडाहरु | - | - | - | - | - | - | - |
| प्रस्तावित लाभांश | २,५०० | ३,१२५ | १,२५० | ३९५ | - | - | - |
| प्रस्तावित बोनस शेयर | ६,२५० | - | ६,२५० | ७,५०० | - | - | - |
| विशेष जगेडाकोष | - | - | - | - | - | - | - |
| सटही घटबढ कोष | - | - | - | - | - | - | - |
| पूँजी फिर्ता जगेडा कोष | - | - | - | - | - | - | - |
| पूँजी समायोजन कोष | - | - | - | - | - | - | - |
| लगानी समायोजन कोष | - | - | - | - | - | - | - |
| गत वर्षको आयकर सम्पत्ति अपलेखन | - | - | - | - | - | - | - |
| स्थगन कर जगेडा कोष | १५० | १५१ | ९८ | ३१८ | ५१० | ३७९ | ५६५ |
| **जम्मा** | **९,५८१** | **४,१९९** | **९,१६६** | **१०,४५१** | **३,४५९** | **४,७८६** | **६,८६६** |
| **सञ्चित मुनाफा/(नोक्सान)** | ९२८ | १,३४४ | २० | १,६८४ | १२,९७१ | ३०,२२२ | ५४,८६२ |

**निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS)कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल( Minimum return on increased networth required to maintain pre issue EPS) =२१.८७%**

वित्तीय संस्थाको अनुमानित वित्तीय व्यवस्था र सबै दायित्व सारिसकेपछि खुद बाँकी हुने सम्पत्ति (नेटवोर्थ) देहाय बमोजिम रहेको छ।

| विवरण | वास्तविक (रु. हजारमा) | | | ०७२/७३ आषाढ | प्रक्षेपित (रु. हजारमा)** | | |
|---|---|---|---|---|---|---|---|
| | ०६९/७० | ०७०/७१ | ०७१/७२ | मसान्त* | ०७३/७४ | ०७४/७५ | ०७५/७६ |
| शेयर पूँजी | २५,००० | ३१,२५० | ३१,२५० | ३७,५०० | ८२,५०० | ८२,५०० | ८२,५०० |
| प्रस्तावित बोनश शेयर | ६,२५० | - | ६,२५० | ७,५०० | - | - | - |
| जगेडा तथा कोषहरु | ४,०५४ | ५,५४३ | ५,८८५ | १०,१०५ | २४,८५२ | ४६,८८८ | ७८,३९४ |
| **जम्मा** | **३५,३०४** | **३६,७९३** | **४३,३८५** | **५५,१०५** | **१०७,३५२** | **१२९,३८८** | **१६०,८९४** |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| अपलेखन गर्न बाँकी खर्च | - | - | - | - | - | - | - |
| **कुल नेटवोर्थ** | ३५,३०४ | ३६,७९३ | ४३,३८५ | ५५,१०५ | १०७,३५२ | १२९,३८८ | १६०,८९४ |
| **शेयर संख्या ('००० मा)** | २५०.०० | ३१२.५० | ३१२.५० | ३७५.०० | ८२५.०० | ८२५.०० | ८२५.०० |
| **प्रति शेयर नेटवोर्थ (रु.)** | १४१.२१ | ११७.७४ | १३८.८३ | १४६.९५ | १३०.१२ | १५६.८३ | १९५.०२ |
| **प्रति शेयर आम्दानी (रु.)** | १३.६३ | १४.७७ | २५.०९ | २९.८५ | १७.८७ | २६.७१ | ३८.१९ |
| **नेटवोर्थमा प्रतिफल (%)** | ९.६५ | १२.५४ | १८.०७ | २०.३१ | १३.७४ | १७.०३ | १९.५८ |
| **प्रति शेयर चुक्ता पूँजी (रु.)** | १००.०० | १००.०० | १००.०० | १००.०० | १००.०० | १००.०० | १००.०० |

* व्यवस्थापनबाट प्रमाणित आ.व. २०७२/०७३ को अपरिष्कृत वित्तीय विवरण अनुसार ।

** प्रक्षेपित वित्तीय विवरण वित्तीय संस्थास्वयंले तयार गरेको हो र सो वित्तीय विवरणहरु पुनरावलोकन गरी ठिक छ भनी एबिएमएस एण्ड एसोसियट्स चार्टर्ड एकाउण्टेण्ट श्री बिपिन देवकोटाज्यूले प्रमाणित गर्नुभएको हो ।

**प्रक्षेपित नाफा नोक्सान हिसाब र वासलात तयार गर्दाको आधारहरु :**

| विवरण | प्रक्षेपित(%) | | |
|---|---|---|---|
| | ०७३/७४ | ०७४/७५ | ०७५/७६ |
| १. कुल निक्षेपमा बृद्धिदर (प्रतिशतमा) | ३०.००% | २८.००% | ३०.००% |
| २. कुल कर्जा तथा सापटमा बृद्धिदर (प्रतिशतमा) | ४२.००% | ३९.००% | ४०.००% |
| ३. नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशनबमोजिम कर्जा सापट तथा विल खरीदको निक्षेप दायित्वसँग अनुपात (प्रतिशतमा) | ६५.००% | ६८.००% | ७०.००% |
| ४. संचालन खर्च तथा कुल आम्दानी अनुपात | ५४.००% | ५०.००% | ४८.००% |
| ५. कर्जा तथा सापटको औषत ब्याजदर (प्रतिशतमा) | १५.१२% | १५.००% | १४.७५% |
| ६. आयकर व्यवस्था (प्रतिशतमा) | ३०.००% | ३०.००% | ३०.००% |
| ७. अन्य सञ्चालन खर्चका वृद्धिदर | २८.००% | ३०.००% | ३२.००% |
| ८. कर्मचारी खर्चमा बृद्धिदर | २५.००% | २०.००% | २०.००% |
| ९.अनिवार्य मौज्दात (CRR) | २.००% | २.००% | २.००% |
| १०.वैधानिक तरलता (SLR) | ६.००% | ६.००% | ६.००% |
| ११. पूँजीकोष पर्याप्तता (CAR) | २३.५२% | २१.०६% | १९.२६% |

**१७. संगठित संस्थाको पछिल्लो वर्षको लेखापरीक्षण भएको वासलात र नाफा-नोक्सान हिसाबको विवरण :**

**वासलात (आषाढ मसान्त, २०७२)**

| पूँजी तथा दायित्व | (रु. हजारमा) |
|---|---|
| शेयर पूँजी | ३७,५०० |
| जगेडा तथा कोषहरु | ५,८८५ |
| ऋणपत्र तथा बन्ड | - |
| तिर्न बाँकी कर्जा सापट | - |
| निक्षेप दायित्व | २७६,५२५ |
| भुक्तानी दिनुपर्ने बिलहरु | - |
| प्रस्तावित नगद लाभांश | १,२५० |
| आयकर दायित्व | - |
| अन्य दायित्व | ४,०९१ |
| **कूल दायित्व** | **३२५,२५१** |
| **सम्पत्ति** | **(रु. हजारमा)** |
| नगद मौज्दात | ३,७९५ |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | - |
| बैंक/वित्तीय संस्थामा रहेमो मौज्दात | ६,२९८ |
| माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | ९९,७२४ |
| लगानी | - |
| कर्जा सापट तथा बिल खरीद | २१३,१०२ |
| स्थिर सम्पत्ति | ८८१ |

| | |
|---|---|
| गैर बैंकिङ्ग सम्पत्ति | - |
| अन्य सम्पत्ति | १,४५० |
| **कूल सम्पत्ति** | **३२५,२५१** |

**नाफा-नोक्सान हिसाब (श्रावण १, २०७१देखि आषाढ मसान्त, २०७२ सम्म)**

| विवरण | (रु. हजारमा) |
|---|---|
| ब्याज आम्दानी | ३३,४८९ |
| ब्याज खर्च | १७,२६७ |
| **खुद ब्याज आम्दानी** | **१६,२२२** |
| कमिशन तथा डिस्काउण्ट | १२५ |
| अन्य सञ्चालन आम्दानी | ४,३३१ |
| सटही घटबढ आम्दानी | - |
| **कूल सञ्चालन आम्दानी** | **२०,६७८** |
| कर्मचारी खर्च | ३,५७६ |
| अन्य सञ्चालन खर्च | २,७०० |
| सटही घटबढ आम्दानी | - |
| **सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा** | **१४,४०२** |
| सम्भावित नोक्सानी व्यवस्थाहरु | १,९०० |
| **सञ्चालन मुनाफा** | **१२,५०२** |
| गैर सञ्चालन आम्दानी/नोक्सान | - |
| सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | - |
| **नियमित कारोबारबाट भएको मुनाफा** | **१२,५०२** |
| असामान्य कारोबारहरुबाट भएको मुनाफा/खर्च | - |
| **सम्पूर्ण कारोबार समावेश पछिको खुद मुनाफा** | **१२,५०२** |
| कर्मचारी बोनश व्यवस्था | १,१३७ |
| **आयकर व्यवस्था** | **३,५२४** |
| क) यस वर्षको | ३,६२२ |
| ख) गत वर्षसम्मको | - |
| ग) स्थगन कर आम्दानी/खर्च | (९८) |
| **खुद नाफा/नोक्सान** | **७,८४१** |

**नाफा-नोक्सान बाँडफाँड हिसाब (श्रावण १, २०७१देखि आषाढ मसान्त, २०७२ सम्म)**

| विवरण | (रु. हजारमा) |
|---|---|
| **आम्दानी** | |
| गत वर्षसम्मको संचित मुनाफा | १,३४४ |
| यस वर्षको मुनाफा | ७,८४१ |
| सटही घटबढ कोष | - |
| **जम्मा** | **९,१८६** |
| **खर्च** | |
| गत वर्षसम्मको संचित नोक्सान | - |
| यस वर्षको नोक्सान | - |
| साधारण जगेडाकोष | १,५६८ |
| भैपरी आउने जगेडा | - |
| संस्था विकास कोष | - |
| लाभांश समीकरण कोष | - |
| कर्मचारी सम्बन्धी जगेडाहरु | - |
| प्रस्तावित लाभांश | १,२५० |

| | |
|---|---|
| प्रस्तावित बोनस शेयर जारी | ६,२५० |
| विशेष जगेडाकोष | - |
| सटही घटबढ कोष | - |
| पूँजी फिर्ता जगेडा कोष | - |
| पूँजी समायोजन कोष | - |
| लगानी समायोजन कोष | - |
| गत वर्षको आयकर सम्पत्ति अपलेखन | - |
| स्थगन कर जगेडा कोष | ९८ |
| **जम्मा** | ९,१६६ |
| **सञ्चित मुनाफा/(नोक्सान)** | २० |

**१८. आर्थिक वर्ष समाप्त भएपछि हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु पेश गरेमा, आर्थिक वर्ष समाप्त भएको मितिबाट पेश गरेको मिति सम्ममा वासलातको मिति पछिको घटनाको बारेमा छुट्टै जानकारी विवरणपत्रमा समावेश गर्नुपर्ने :**

वित्तीय संस्थाको आ.व. २०७२/७३ को व्यवस्थापनबाट प्रमाणित अपरिष्कृत वित्तीय विवरण माथि दफा १६ मा उल्लेख गरिएको।

**१९. धितोपत्र निष्काशन खुला हुनु पूर्व स्वीकृत भएको हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरुमा उल्लेखित विवरणमा सम्बन्धी नियमन निकायको नियमन व्यवस्था, निर्देशन वा अन्य कुनै कारणबाट व्यवसाय संचालनको क्रममा हुने सामान्य परिवर्तन बाहेक लगानीकर्ताका निर्णयमा खास असर पर्ने गरी तात्विक परिवर्तन भएमा त्यस्तो परिवर्तित विवरण समावेश गरी आवश्यक सुधार एवं संशोधन गर्नुपर्नेछ र त्यस्तो संशोधित हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु बोर्डबाट स्वीकृत गराएर मात्र निष्काशन सम्बन्धी कार्य शुरु गर्नुपर्नेछ :**

धितोपत्र निष्काशन खुला हुनु पूर्व स्वीकृत भएको हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरुमा उल्लेखित विवरणमा सम्बन्धित नियमन निकायको नियमन व्यवस्था, निर्देशन वा अन्य कुनै कारणबाट व्यवसाय सञ्चालनको क्रममा हुने सामान्य परिवर्तन बाहेक लगानीकर्ताका निर्णयमा खास असर पर्ने गरी तात्विक परिवर्तन भएमा त्यस्तो परिवर्तित विवरण समावेश गरी आवश्यक सुधार एवं संशोधन गरी र सो संशोधित हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु बोर्डबाट स्वीकृत गराएर मात्र निष्काशन सम्बन्धी कार्य शुरु गर्ने छौं।

**२०. संगठित संस्थाले गर्ने भएको काममा निहित सम्भावित जोखिमहरु :**

(क) वित्तीय संस्थाले प्रदान गरेको कर्जा तथा सापट खराब हुन गएमा स्वभाविक रुपमा हुनसक्ने जोखिमहरु।
(ख) नयाँ बैंक तथा वित्तीय संस्थाहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुनसक्ने जोखिमहरु।
(ग) नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजना हुनसक्ने जोखिमहरु।
(घ)निक्षेप तथा कर्जाको व्याजदरमा आउने परिवर्तनबाट हुनसक्ने जोखिमहरु।
(ङ) पुँजी बजारको अवस्थामा आउने उतार-चढावबाट पर्नसक्ने जोखिमहरु।
(च) देशको राजनैतिक तथा आर्थिक अवस्थामा आउने उतार-चढावबाट पर्नसक्ने जोखिमहरु।
(छ) अन्तर्राष्ट्रिय बजारमा हुने मन्दीबाट नेपाली बजारमा पर्नसक्ने असरबाट हुनसक्ने आर्थिक जोखिमहरु।

वित्तीय संस्थाको कर्जा तथा सापट र लगानी खराब भईहुन सक्ने जोखिमहरुको लागि वित्तीय संस्थाले कर्जा जोखिम कोष, लगानीमा सम्भावित हानी-नोक्सानी वापतको व्यवस्था जस्ता कोषहरुको व्यवस्था गरेको छ। वित्तीय संस्थाले वित्त बजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति विकासमा आवश्यक ध्यान पुऱ्याएको छ। यस बाहेकका व्यवसायिक जोखिमहरुबाट श्रृजना हुनसक्ने हानी-नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानी-नोक्सानी कम गर्न सक्षम तथा प्रतिबद्ध छ।

**धितोपत्रको मूल्य परिवर्तन सम्बन्धि जोखिम :**

निष्काशन गरिएको शेयर मूल्य रु. १००/- प्रति शेयरका दरले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोबार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ।

**२१. शेयर बाँडफाँड सम्बन्धी व्यवस्था :**

**(क)** वित्तीय संस्थाले आफ्ना शेयरधनीहरुमा हकप्रद आधारमा खरिद आव्हान गरेको शेयर बिक्री बन्द गर्ने मितिभन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीलाई नेपाल धितोपत्र बोर्डको निर्देशिकाले तोके बमोजिमको समयभित्र शेयरहरुको बाँडफाँड गरी सो को सूचना

राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गर्नेछ। यसरी बाँडफाँड भएपश्चात् नेपाल धितोपत्र बोर्डको निर्देशन बमोजिम निर्धारित अवधि भित्र बाँडफाँडमा परेका शेयरधनीहरुलाई शेयरधनीहरुको माग अनुसार हकप्रद शेयरको प्रमाण-पत्र वितरण गरी वा हितग्राही खाता भएका शेयरधनीहरुलाई निष्काशित शेयरहरु नेपाल स्टक एक्सचेञ्ज लिमिटेड, काठमाडौंमा प्रचलित सूचीकरण सम्बन्धी व्यवस्थामा भएको प्रावधान अनुसार सूचीकरण गराई सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा दर्ता गरी हकप्रद शेयरको खरीद बिक्रीको व्यवस्था मिलाइने छ।

**(ख)** शेयर बाँडफाँड गर्दा यस हकप्रद निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मिति २०७३/०८/२४ भन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुले आफ्नो नाममा कायम शेयरको १: १को अनुपातमा (विद्यमान् १कित्ता शेयर बराबर नयाँ १ कित्ता) हुन आउने शेयर संख्याको लागि आवेदन दिएमा सोहि अनुरुप शेयर बाँडफाँड गरिनेछ। यसरी आवेदन दिंदा हक वापतको शेयर संख्या खण्डित शेयरमा आएमा सो खण्डित शेयरलाई नजिकको माथिको पूरा शेयरमा परिणत गरी आवेदन दिन सक्नेछन्। यसरी आवेदन दिंदा हक वापतको शेयर संख्या खण्डित शेयरमा आएमा नेपाल धितोपत्र बोर्डबाट दिइएको निर्देशन अनुसार खण्डित शेयरलाई पूर्ण कित्ताको रुपमा नपुग रकम समेत बुझाइ आवेदन दिन सक्नेछन्। त्यसो गर्दा कम्पनीको पूँजी संरचना परिवर्तन हुने अवस्था आएमा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गरिनेछ र थप धितोपत्र बोर्डमा दर्ता गरिने व्यहोरा वार्षिक साधारण सभाबाट निर्णय गरिनेछ। यसरी खण्डित हकप्रद शेयरलाई धितोपत्र बोर्डबाट दिइएको निर्देशन अनुसार बाँडफाँड गर्ने निर्णय वित्तीय संस्थाको सञ्चालक समितिले गर्नेछ।

यसरी निर्णय गर्दा यस हकप्रद निष्काशन मार्फत जारी गरिएका सम्पूर्ण शेयरकालागि आवेदन नपरी शेयर बाँकी रहन गएमा सो बाँकी शेयरबाट माथि उल्लेख गरिए अनुसारको खण्डित शेयरलाई पूर्ण कित्ताको रुपमा परिणत गर्न आवश्यक शेयर मिलान गरी बाँडफाँड गरिनेछ। तर यस हकप्रद निष्काशनमा निष्काशित सम्पूर्ण शेयरहरुको लागि आवेदन पर्न आएमा खण्डित शेयरलाई पूर्ण कित्तामा परिणत गरी बाँडफाँड गर्ने प्रक्रिया र सो बढी शेयरको दर्ता सम्बन्धी निर्णय सम्बन्धित नियमन निकायसँग समन्वय गरी प्रचलित शेयर बाँडफाँड सम्बन्धी व्यवस्था अनुसार गरिनेछ।

यदि कुनै शेयरधनीले आफूले हकप्रद आधारमा खरीद/दरखास्त गर्न पाउने शेयर संख्या भन्दा बढी शेयरका लागि आवेदन दिएमा सो बढी शेयरलाई बाँडफाँडमा समावेश गरिने छैन। त्यसरी नै कुनै शेयरधनीले आफूले हकप्रद आधारमा खरीद/दरखास्त गर्न पाउने शेयर संख्या भन्दा कम शेयरका लागि दरखास्त दिएमा सोही बमोजिम नै गणना कायम गरिनेछ। दरखास्तसाथ प्रति शेयर रु.१००।– को दरले आवेदन दिने शेयर संख्यालाई गुणन गर्दा हुन आउने बराबरको एकमुष्ठ नगद रकम वा सो बराबरको रकम निष्काशन बैंकमा जम्मा गरेको भौचर वा बैंक ड्राफ्ट दरखास्त फारमसाथ संलग्न भएको हुनुपर्नेछ।

**२२. संगठित संस्थाको प्रबन्धपत्र, नियमावली, पछिल्लो वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाब, लेखापरीक्षण प्रतिवेदन निरीक्षण गर्न पाईने समय र स्थान :**

कार्यालय समयभित्र निम्नलिखित स्थानहरुमा संस्थाको प्रबन्धपत्र, नियमावली, पछिल्लो वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाब तथा लेखापरीक्षण प्रतिवेदन निरीक्षण गर्न सकिने छ।

(क) वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय राप्ती अञ्चल, दाङ्ग जिल्ला, घोराही नगरपालिका वडा नं. ११ घोराहीबाट।

(ख) धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक - एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौं स्थित कार्यालयबाट।

**२३. शेयर सूचीकरण गराउने सम्बन्धी व्यवस्था :**

वित्तीय संस्थाले आफ्ना शेयरधनीहरुमा हकप्रद शेयर खरीद आव्हान गरेको आधारमा हकप्रद शेयर बिक्री बन्द भएको मितिले नेपाल धितोपत्र बोर्डको निर्देशिकाले तोके बमोजिमको दिनभित्र हकप्रद शेयरको बाँडफाँड पश्चात् बोर्डको निर्देशन बमोजिम निर्धारित अवधि भित्र बाँडफाँडमा परेका शेयरधनीहरुलाई शेयरधनीहरुको माग अनुसार हकप्रद शेयरको प्रमाण-पत्र वितरण गरी वा हितग्राही खाता भएका शेयरधनीहरुलाई निष्काशित शेयरहरु नेपाल स्टक एक्सचेञ्ज लिमिटेड, काठमाडौंमा प्रचलित सूचीकरण सम्बन्धी व्यवस्थामा भएको प्रावधान अनुसार सूचीकरण गराई सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा दर्ता गरी हकप्रद शेयरको खरीद बिक्रीको व्यवस्था मिलाइने छ।

**२४. संगठित संस्थाको कारोबारमा असर पार्ने कुनै विवाद/मुद्दा भए सो को विवरण :**

सो नभएको।

**२५. हकप्रद शेयर खरिद गर्न चाहने साविक शेयरधनीहरुले पालना गर्नुपर्ने मुख्य कुराहरु :**

(क) यस विवरणपत्र अनुसार जारी गरिने हकप्रद शेयर खरिदका लागि यस निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मिति २०७३/०८/२४ भन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुले आफ्नो नाममा कायम शेयरको १: १ को अनुपातमा ( विद्यमान् १कित्ता शेयर बराबर नयाँ १ कित्ता शेयरको दरले) शेयर खरिदका लागि दरखास्त दिन सक्नेछन्।

(ख) प्रत्येक शेयरधनीले शेयरको हकप्रद निष्काशनका लागि दरखास्त दिंदा संस्थाद्वारा तोकिएको निर्दिष्ट ढाँचामा आफ्नो शेयरधनी नम्बर, हाल कायम रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्बर (हरु), आफूले खरिद गर्न पाउने अथवा मागेको हकप्रद शेयर संख्या र सो बराबरको रकम समेत खुलाई रितपूर्वक तोकिए बमोजिमको ढाँचामा आवेदन दिनुपर्नेछ।

(ग) दरखास्त फारम नेपाली तथा अंग्रेजी दुवै भाषामा पूर्णरुपले भर्नुपर्नेछ।

(घ) दरखास्तसाथ प्रति शेयर रु.१००।– को दरले आफूले हकप्रद आधारमा माथि २५(क) मा उल्लेख भए अनुसार खरिद गर्न पाउने शेयर संख्यालाई गुणन गर्दा हुन आउने बराबरको एकमुष्ठ नगद रकम वा सो बराबरको रकम बैंकमा जम्मा गरेको भौचर वा ड्राफ्ट संलग्न भएको हुनुपर्नेछ। भौचर वा बैंक ड्राफ्ट मार्फत् रकम जम्मा गर्दा भौचर वा ड्राफ्ट नम्बर शेयर आवेदन फारममा अनिवार्य रुपमा खुलाउनु पर्नेछ।

(ङ) यस हकप्रद शेयर निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मिति २०७३/०८/२४ भन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुले मात्र यस हकप्रद निष्काशनमा दरखास्त दिन सक्नेछन्। शेयरधनी दर्ता पुस्तिका बन्द भए पश्चात् शेयर खरिद गर्ने शेयरधनीहरु यस हकप्रद निष्काशनका लागि आवेदन दिन योग्य हुने छैनन्।

(च) शेयरधनीहरुले तोकिएको समय/अवधि भित्र शेयरका लागि दरखास्त दिनुपर्नेछ। यदि कुनै शेयरधनीबाट तोकिएको समय/अवधि भित्र शेयरका लागि दरखास्त प्राप्त हुन नआएमा त्यस्तो दरखास्तलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन।

(छ) "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा उल्लेख गरिए बमोजिम तोकिएको म्यादभित्र दरखास्त नदिने तथा दरखास्त दिए पनि माग गरिए बमोजिम तोकिएको रकम नबुझाउने शेयरधनीहरुलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन र सोमा कसैको कुनै पनि प्रकारको दाबी विरोध लाग्नेछैन।

(ज) यस हकप्रद शेयर निष्काशनको समयमा कुनै विवाद भएमा वा ऊजुरी परेमा सो को निवारणका लागि कम्पनीको संचालक समितिको निर्णय नै अन्तिम हुनेछ।

(झ) प्रमाण–पत्र बुझ्न आउँदा शेयरधनीले दरखास्त फारमको अर्धकट्टीको साथै आफ्नो परिचय खुल्ने कुनै आधिकारिक परिचय-पत्रको सक्कल प्रति अनिवार्य रुपमा पेश गर्नुपर्नेछ। नाबालकको हकमा दरखास्त फारमको अर्धकट्टीको साथै संरक्षकको आफ्नो परिचय खुल्ने कुनै आधिकारिक परिचय-पत्रको प्रतिलिपी पेश गर्नुपर्नेछ। शेयरधनीले अन्य व्यक्ति मार्फत् आफ्नो शेयरको प्रमाणपत्र प्राप्त गर्न चाहेमा मन्जुरीनामा, दरखास्त फारमको अर्धकट्टी, शेयरधनीको नागरिकता प्रमाणपत्रको सक्कल प्रतिको साथै मन्जुरीनामा प्राप्त गर्ने व्यक्तिको कुनै आधिकारिक परिचय पत्रको प्रतिलिपी अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

(ञ) शेयरको बाँडफाँड भई नेपाल स्टक एक्सचेञ्ज लि. मा सूचिकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा दर्ता भए पश्चात् बाँडफाँडमा परेका हितग्राही खाता भएका शेयरधनीहरुलाई हकप्रद शेयरअभौतिकरुपमा निजहरुबाट उपलब्ध गराईएको हितग्राही खातामा सोझै जम्मा गर्ने व्यवस्था मिलाईने छ र डिम्याट खाता नभएका शेयरधनीहरुले यस कम्पनीको शेयर डिम्याट गरे पश्चात वा आफ्नो हितग्राही खाता नं. यस वित्तीय संस्थाको शेयर रजिष्ट्रारलाई उपलब्ध गराए पश्चात निजको खातामा जम्मा गर्ने व्यवस्था मिलाईनेछ। साथै, डिम्याट खाता भएका वा नभएका जुनसुकै शेयरधनीले आफुले प्राप्त गर्ने हकप्रद शेयर भौतिक रुपमा समेत लिन चाहेमा धितोपत्रको प्रमाणपत्र भौतिक रुपमा समेत उपलब्ध गराउने व्यवस्था मिलाईनेछ।

(ट) प्रत्येक शेयरधनीले भौतिक तथा अभौतिक (डिम्याट) रुपमा रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा आवेदकको शेयर भौतिक तथा अभौतिक (डिम्याट) जुन रुपमा कायम रहेको भएतापनि एउटै आवेदन फारम मार्फत दरखास्त दिनुपर्नेछ।

## २६. आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरु:

आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गर्दा शेयरधनीहरुले वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय अथवा शेयर रजिष्ट्रार श्री एनएमबि क्यापिटल लिमिटेडमा सम्पर्क राखि निम्न व्यवस्थाहरुको पालना गरी तोकिएको ढाँचामा निवेदन दिनुपर्नेछ।

क) आफ्नो सम्पूर्ण/आंशिक हक कुनै एक व्यक्ति वा संस्थालाई मात्र दिन सकिने।

ख) मनोनयन भै शेयरको लागि आवेदन दिंदा धितोपत्र बजारको कारोवार इकाई अनुसार गर्नुपर्ने।

ग) हकप्रद शेयर खरिद गर्ने हक अरुलाई मनोनित गर्ने शेयरवालाले अरु शेयरवालाको हक लिई मनोनित हुन नपाईने तर आफ्नो पूरै हक उपभोग गर्नेले भने अरुको हक समेत मनोनितको रुपमा लिन सक्ने।

घ) वित्तीय संस्थाको प्रबन्धपत्र, नियमावलीमा भएको व्यवस्था तथा सम्बन्धित नियमनकर्ताले स्वामित्व सीमा तोके अनुरुप पहिले लिएको वा पछि ग्रहण गरिने शेयर समेत कूल शेयर संख्या सो सीमा ननाघ्ने गरी मात्र मनोनित हुनेले शेयरका लागि आवेदन दिन सकिने।

ङ) वित्तीय संस्थाको प्रबन्धपत्र र नियमावलीको व्यवस्था भए अनुसार स्वामित्व जुन समूहमा रहने हो सोही समूहभित्र रहने गरी मात्र मनोनयन गर्न सकिने।

च) प्रचलित कानून अनुरुप मनोनित हुने व्यक्ति वा संस्था कालो सूचीमा नरहेको तथा अयोग्य समेत नभएको हुनुपर्ने।

छ) हकप्रद शेयर बिक्री खुल्ला भएको अवधि भित्र आफ्नो हक अरुलाई प्रयोग गर्न दिन मिल्ने।

## २७. वित्तीय संस्थाको लेखापरीक्षक, कम्पनी सचिव, वित्तीय विवरण प्रक्षेपण गर्ने विशेषज्ञ, प्रक्षेपित विवरणको प्रक्षेपण/अनुमानको आधार तथा तरिका बारे पुनरावलोकन गरी सन्तुष्ट भएको राय व्यक्त गर्ने विशेषज्ञ, "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" तयार गर्ने विशेषज्ञ तथा निष्काशन तथा बिक्री प्रबन्धकको नाम तथा ठेगाना :

**२७.१लेखापरीक्षक तथा कम्पनी सचिवको नामनामेसी :**

आ.व.२०७१/७२ को आम्दानी-खर्च हिसाबको लेखापरीक्षण टि.एन.आचार्य एण्ड कम्पनी ,चार्टड एकाउन्टेन्ट्स कम्पनीका चार्टर्ड एकाउण्टेण्टश्री टि.एन. आचार्यले गर्नुभएको छ। घोराही न.पा. ६, दाङ निवासी कानूनमा स्नातकको शैक्षिक योग्यता हासिल गर्नु भएका श्री दिनेश चन्द्र पौडेल यस वित्तीय संस्थाको कम्पनी सचिवको रुपमा कार्यरत हुनुहुन्छ।

**२७.२ वित्तीय विवरण (वासलात, नाफा-नोक्सान खाता र नाफा-नोक्सान बाँडफाँड हिसाब) प्रक्षेपण गर्ने विशेषज्ञको नाम तथा ठेगाना :**

यस वित्तीय विवरण तयार पार्ने व्यवसायिक संस्थामा वित्तीय संस्था स्वयं रहेको छ। प्रक्षेपित वित्तीय विवरणहरु शेयरधनीहरुमा बिक्री खुल्ला गरिएको हकप्रद शेयरहरु वित्तीय संस्थाले आर्जन गरेको मुनाफा तथावित्तीय संस्थाको शेयरको हालको बजार मूल्य सो शेयरको अङ्कित मूल्य भन्दा बढी रहेको कारण पूर्ण रुपले बिक्री हुने पृष्ठभूमिमा गरिएको हो। कुनै कारणबस शेयरहरु पूर्णरुपमा बिक्री नभएमा संकलित पूँजीको आधारमा प्रचलित कानून अनुसार कर्जा तथा लगानीमा वित्तीय स्रोत परिचालन हुनेछ।

**२७.३ वित्तीय प्रक्षेपण (वासलात, नाफा-नोक्सान खाता र नाफा-नोक्सान बाँडफाँड हिसाब) को अनुमानको आधार तथा तरिका पुनरावलोकन गरी सन्तुष्ट भएको राय व्यक्त गर्ने विशेषज्ञको नाम तथा ठेगाना :**

यस विवरणमा उल्लेख गरिए बमोजिम तयार गरिएको वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको वित्तीय बजारको स्थिति, वित्तीय संस्थाको हालको दक्षता र वित्तीय संस्थाले प्राप्त गरेको हाल सम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी प्रमाणित गर्ने विशेषज्ञमाएबिएमएसएण्ड एसोसियट्सका चार्टर्ड एकाउण्टेण्ट श्री विपिन देवकोटाज्यू रहनु भएको छ।

**२७.४ यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" तयार गर्ने विशेषज्ञको नाम तथा ठेगाना :**

यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" तयार पार्ने व्यवसायिक संस्थामा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक - एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौं रहेको छ।

**२७.५ यस हकप्रद शेयर निष्काशन गर्ने निष्काशन तथा बिक्री प्रवन्धकको नाम तथा ठेगाना :**

यस हकप्रद शेयर निष्काशन कार्यको लागि व्यवसायिक संस्थामा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक - एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौं रहेको छ।

**२८. हकप्रद शेयर जारी गर्नुको उद्देश्य**

(क)प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख गरिएका उद्देश्यहरु अनुरुप गर्नु पर्ने कार्यहरुको लागि आवश्यक पर्ने पुँजी जुटाउन।

(ख) नेपाल राष्ट्र बैंकको निर्देशन अनुरुपको चुक्ता पूँजी बृद्धि गर्न हकप्रद शेयर जारी गर्नुपर्ने भएकाले।

(ग)बढ्दो प्रतिस्पर्धाको सामना गर्न वित्तीय संस्थालाई सक्षम बनाई कारोबार बृद्धि गर्न तथा ग्राहकहरुको संस्था प्रतिको विश्वसनियता लाई बृद्धि गर्न।

(घ) वित्तीय संस्थाको व्यवसाय विस्तारको लागि आवश्यक पूँजीको व्यवस्था गर्न।

**२९. निष्काशनबाट प्राप्त हुने कूल रकम सम्बन्धमा वित्तीय रुपमा स्पष्ट खुलेको उपयोग योजना सहितको विवरण**

वित्तीय संस्थाले हकप्रद शेयरबाट प्राप्त रकम शाखा कार्यालय विस्तारका लागि प्रयोग गर्ने र तल उल्लेख गरे बमोजिम खर्च गर्ने योजना छ :

१. औद्योगिक तथा उत्पादनशील कर्जा लगानी रु. १,५०,००,०००/-

२. विभिन्न प्रकृतिका (सेवा, व्यापार, कृषि, पशुपालन आदि) कर्जा तथा सापटी प्रदान गर्न रु. १,५०,००,०००/-

४. अन्य लगानी रु. ७५,००,०००/-

**३०. हकप्रद शेयर बिक्री खुल्ला अवधि :**

हकप्रद शेयरको लागि दरखास्त लिने कार्य कम्तीमा पैंतिस दिनका लागि खुल्ला राखिनेछ। सो समयावधिभित्र सम्पूर्ण हकप्रद शेयरका लागि आवेदन नपरेमा नेपाल धितोपत्र बोर्डको प्रचलित निर्देशिकाको अधीनमा रही आवेदन खुल्ला भएको मितिले बढीमा साठ्ठी दिन सम्मका लागि खुल्ला राख्न सकिनेछ।

**३१. हकप्रद शेयर खरिदका लागि दरखास्त पाईने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै हकप्रद शेयर खरिदका लागि तयार गरिएको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त वा हेर्न सक्ने स्थानहरु :**

क) नमस्ते वित्तीय संस्था लिमिटेड, घोराही, दाङ्ग

ख) एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौं

ग) एनएमबि बैंक लिमिटेडका, शाखा कार्यलयहरु उपत्यका भित्रः कुमारिपाटी, ललितपुर; सूर्यविनायकी, भक्तपुर; उपत्यका बाहिरः रंगेलीरोड, विराटनगर; महेन्द्रपथ, धरान; अनारमणि, बिर्तामोड; उर्लाबारी चोक, उर्लाबारी; इटहरी बजार, इटहरी; बसपार्क रोड, धनगढी ; सुर्खेत रोड, नेपालगंज; आर्दशनगर, विरगंज; न्यूरोड, पोखरा; मिलनचोक, बुटवल र नारायणगढ, चितवन।

घ) उपरोक्त स्थानहरुको अलावा निष्काशन तथा बिक्री प्रबन्धक एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौंद्वारा अन्य माध्यममार्फत सूचित गरिने सङ्कलन केन्द्रको रुपमा कार्य गर्ने गरी नियुक्त वित्तीय संस्थाहरुमा हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु प्राप्त गर्न वा हेर्न सक्ने, आवेदन फारम पाउने, बुझाउने र रकम जम्मा गर्ने व्यवस्था गरिनेछ। उक्त उल्लेखित स्थानहरु बाहेक अन्य स्थानबाट आवेदन दिन चाहनेहरुले धितोपत्र निष्काशन बन्द हुनु भन्दा अघिको मितिमा एनएमबि क्यापिटल लिमिटेडको नाममा खिचिएको एकाउण्ट पेयी (A/C Payee) ड्राफ्टसाथ धितोपत्रको लागि आवेदन सिधै हुलाक वा कुरियरद्वारा एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौंमा पठाउन सकिने छ। हकप्रद शेयर बिक्री बन्द भएको ७ दिन पछि प्राप्त ड्राफ्ट र आवेदन फारमलाई बाँडफाँडमा समावेश गरिनेछैन।

ङ) धितोपत्र निष्काशनको क्रममा बोर्डबाट स्वीकृत "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यबस्था तथा विवरणहरु" लगानीकर्ताहरुले सहज रुपमा हेर्न सक्ने र उनीहरुलाई सुचित निर्णयमा पुग्न सहज गर्ने उद्धेश्यले वित्तीय संस्थाको वेभसाइट तथा निष्काशन तथा बिक्री प्रबन्धकको वेभसाइटमा धितोपत्र बिक्रि बन्द नभएसम्म राखिनेछ। साथै सोको एक प्रति (Soft Copy) बोर्डको वेभसाइट राख्न समेत उपलब्ध गराइनेछ।

च) हकप्रद शेयर निष्काशनको क्रममा शेयरधनीको संख्या र ठेगानालाई आधारमानी शेयरधनीहरुको पहुँच हुने गरी पर्याप्त मात्रामा संकलन केन्द्र तोकीनेछ । साथै दरखास्त फारमको हकमा आवेदकहरुले एनएमबि क्यापिटल लिमिटेडको वेबसाईट www.nmbcapital.com.npर वित्तीय संस्थाको वेबसाईट www.nbsl.com.npबाट डाउनलोड गरी भरेर तोकिएको संकलन केन्द्रमा बुझाउन सक्नेछ।

**३२. निष्काशन बैंक (Bankers to the Issue) को नाम तथा ठेगाना :**

यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मार्फत निष्काशित हकप्रद शेयरहरुको लागि निष्काशन बैंक (Bankers to the Issue) को रुपमा एनएमबि बैंक लिमिटेड, बबरमहललाई तोकिएको छ। यस वित्तीय संस्थाको सर्वसाधारण शेयरधनीहरुका लागि हकप्रद शेयर निष्काशन तथा बिक्री खुल्लाको सूचना प्रकाशन गरिने मितिभन्दा तीन दिन अगाडि नेपाल धितोपत्र बोर्डलाई जानकारी गराई अन्य वाणिज्य बैंकहरुलाई समेत आवश्यकता अनुसार निष्काशन बैंक तोक्न सकिनेछ।

**३३. आफ्नो व्यवसायसँग सम्बन्धित ऐन, नियम, कम्पनी ऐन तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण पालना गरेको सम्बन्धमा उद्घोषण :**

वित्तीय संस्थाले आफूले गर्ने व्यवसायसँग सम्बन्धित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३, प्रचलित नियम, कम्पनी ऐन, २०६३ तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरेको छ र सोही निर्देशनहरुको दायरा भित्र रही कार्य गरिरहेको बारेको उद्घोषण वित्तीय संस्थाको रहेको छ। यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा उल्लेख गरिएको विवरणहरु समेत सोही अनुरुप तयार गरिएको हो।

**३४. पछिल्लो ३ वर्षको वार्षिक तथा पछिल्लो ३ महिनाको मासिक कारोबारको अधिकतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोबार भएको संख्या सम्बन्धी विवरण :**

वित्तीय संस्थाले सर्वसाधारणमा निष्काशन गरेको शेयर आ.व. २०७०/७१ मा मात्र नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकरण भएकोहुँदा विगत ३ वर्षको शेयर कारोवारको विवरण निम्नानुसार रहेकोछ।

| वित्तीय संस्थाको विगत तीन आर्थिक वर्षको वार्षिक शेयर कारोवारको विवरण | | | | |
|---|---|---|---|---|
| आर्थिक वर्ष | अधिकतम शेयर मूल्य (रु) | न्यूनतम शेयर मूल्य (रु) | अन्तिम बजार मूल्य (रु) | शेयर कारोवार संख्या |
| २०७२/२०७३ | ११२२ | २४४ | ९६० | ६८,४१३ |
| २०७१/२०७२ | ४१८ | २६० | ३२५ | ३५,१०४ |
| २०७०/२०७१ | ३७२ | १८१ | ३२४ | २९,६८६ |
| **वित्तीय संस्थाको विगत तीन महिनाको शेयर कारोवारको विवरण** | | | | |
| आश्विन २०७३ | ९०३ | ७२५ | ८२६ | १,७६९ |
| भाद्र २०७३ | कारोबार नभएको | | | |

| | | | | |
|---|---|---|---|---|
| श्रावण २०७३ | ९४१ | ९२० | ९२१ | १,६०८ |

**३५. क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था:**

हाल निष्काशन गर्न लागेको धितोपत्र क्रेडिट रेटिङ्ग नियमावली, २०६८ बमोजिम क्रेडिट रेटिङ्ग गर्नुपर्ने वा क्रेडिट रेटिङ्ग नगरिएको अवस्थामा नेपाल राष्ट्र बैंकले इजाजतपत्रप्राप्त संस्थाहरुलाई २०७४ असाढ मसान्तभित्र न्यूनतम पूँजी वृद्धि गरिसक्नुपर्ने गरी निर्देशन दिएको सन्दर्भमा हकप्रद शेयर निष्काशनको लागि नेपाल धितोपत्र बोर्डबाट तोकिएको देहाय बमोजिमका अवस्था तथा शर्तहरु यस वित्तीय संस्थाबाट पुरा गरिएको स्वघोषणा गर्दछौं ।

| सि.नं. | शर्तहरु | शर्तको अवस्था |
|---|---|---|
| १. | अंकित मूल्यमा हकप्रद शेयर निष्काशन प्रस्ताव गरेको हुनुपर्ने । | अंकित मूल्य रु. १०० मा नै प्रस्ताव गरिएको । |
| २. | प्रति शेयर नेटवर्थ रु. १०० भन्दा बढी हुनुपर्ने । | २०७३ आषाढ मसान्तको अपरिष्कृत वित्तीय विवरण अनुसार प्रति शेयर नेटवेर्थ रु.१४६.९५ रहेको । |
| ३. | शेयरको अंकित मूल्यभन्दा बजार मूल्य बढी हुनुपर्ने । | अंकित मूल्य भन्दा बजार मूल्य बढि रहेको । |
| ४. | विगत पाँच वर्षदेखि संचालनमा रही कम्तीमा ३ वर्षदेखि नाफामा संचालन भएको हुनुपर्ने । | विगत ९ बर्ष देखि संचालनमा रहि लगातार ८ बर्षसम्म नाफामा संचालित रहेको । |
| ५. | खराब कर्जा नेपाल राष्ट्र बैंकले तोकेको सिमा भित्र हुनुपर्ने । | तोकेको सिमा भित्र रहि २०७३ आषाढमा निष्क्रृय कर्जा अनुपात ०.४४% मात्र रहेको । |
| ६. | पूजीं बृद्धि गरिएको सम्बन्धमा प्रवन्धपत्रमा उल्लेख भई कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख भएको हुनुपर्ने । | पूँजी बृद्धि सहितको संशोधित प्रबन्धपत्र कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख गरिएको । |

**३६. यस "हकप्रद निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा उल्लेख भएको विवरणहरु तथ्य, पूर्ण छन्, सो मा कुनै फरक परेमा हामी सञ्चालकहरु पूर्णरुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने सञ्चालकहरुको नाम तथा दस्तखत**

| क्र.सं. | सञ्चालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री निर्मल देवकोटा<br>(संस्थापक शेयरधनीको तर्फबाट प्रतिनिधित्व ) | अध्यक्ष | |
| २. | श्री अन्जन कुमार पौडेल<br>(संस्थापक शेयरधनीकोतर्फबाट प्रतिनिधित्व) | सञ्चालक | |
| ३. | श्री सुनिल कुमार रेग्मी<br>(संस्थापक शेयरधनीको तर्फबाट प्रतिनिधित्व) | सञ्चालक | |
| ४. | श्री नारायण प्रसाद भण्डारी<br>(सर्वसाधारण शेयरधनीको तर्फबाट प्रतिनिधित्व) | सञ्चालक | |
| ५. | श्रीपर्शुनारायण श्रेष्ठ<br>(सर्वसाधारण शेयरधनीको तर्फबाट प्रतिनिधित्व) | सञ्चालक | |

**T. N. ACHARYA & CO.**
Chartered Accountants

ICAN Membership No. : 247
ICAN COP No. : 210
VAT Regd No. : 301630324

## नमस्ते वित्तीय संस्था लिमिटेड, घोराही, दाङको
## शेयरधनी महानुभावहरु समक्ष पेश गरिएको लेखापरीक्षकको प्रतिवेदन

१. हामीले यस नमस्ते वित्तीय संस्था लिमिटेड, घोराही, दाङको यसैसाथ संलग्न ३१ आषाढ २०७२ को वासलात, सोही मितिमा समाप्त आर्थिक वर्षको नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं । वित्तीय विवरणहरु प्रतिको उत्तरदायित्व कम्पनीको व्यवस्थापनमा रहेको छ । व्यवस्थापनले तयार गरेका ती वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा आफनो मन्तव्य जारी गर्नु हाम्रो उत्तरदायित्व हो ।

२. हामीले नेपाल लेखापरीक्षण मान तथा लेखापरीक्षणको सर्वमान्य सिद्धान्तको आधारमा लेखापरीक्षण सम्पन्न गरेका छौं । वित्तीय विवरण सारभूत रुपमा गलत आंकडा रहित छ भन्ने कुरामा विश्वस्त हुनका लागि लेखापरीक्षणमान अनुसार योजना तयार गरी तदअनुसार लेखापरीक्षण सम्पन्न गर्नु पर्दछ । वित्तीय विवरणमा उल्लेखित रकम र खुलाईएका अन्य विवरणलाई पुष्ट्याँई गर्ने प्रमाणको छड्के परीक्षण समेत लेखापरीक्षणमा समावेश हुन्छ । कम्पनीले अवलम्वन गरेका लेखा सिद्दान्त, व्यवस्थापनले गरेका महत्वपूर्ण अनुमान एवं वित्तीय विवरण प्रस्तुतिको समग्र स्थितिको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ । लेखापरीक्षणले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

३. उपरोक्त आधारमा लेखापरीक्षण गरी हामीले निम्नानुसारको प्रतिवेदन पेश गरेका छौं :

३.१ लेखापरीक्षणको सम्बन्धमा सोधनी तथा कैफियत तलब गरेका कुराहरुको जवाफ यथाशिघ्र पायौं ।

३.२ नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार कम्पनीले व्याज आम्दानी हिसाब नगद प्राप्तिको आधारमा लेखाङ्कन गरेको छ जुन नेपाल लेखामान अनुरुप छैन । सो बाहेक कम्पनीले आफ्नो कारोबारको यथार्थ स्थिति स्पष्ट हुने गरी लेखा राखेको छ ।

३.३ यस प्रतिवेदनसँग सम्बन्धित बासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा इक्विटीमा भएको परिवर्तन एवं तत्सम्बन्धि अनुसूचीहरु नेपाल राष्ट्र बैंकले तोकेको ढाँचा र उक्त विवरणहरु कम्पनीले राखेको लेखासँग दुरुस्त रहेको छ ।

३.४ हाम्रो विचारमा कम्पनीको हिसाव किताब र लेखा कानून बमोजिम ठीकसँग राखिएका छन् ।

४. हाम्रो राय तथा हामीलाई प्राप्त सूचना तथा दिइएका स्पष्टिकरण अनुसार संलग्न वित्तीय विवरणहरुले सर्वमान्य सिद्धान्त तथा सोही साथ संलग्न लेखासँग सम्बन्धि टिप्पणीहरुका साथै अध्ययन गर्दा २०७२ आषाढ ३१ गतेको वित्तीय स्थिति, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको सञ्चालन नतिजा र नगद प्रवाह स्थितिको उचित तथा यथार्थ चित्रण गरेको र यी विवरणहरु प्रचलित कम्पनी कानून, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३ र नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार ठीकसँग तयार गरिएको छ ।

५. हाम्रो रायमा तथा हामीलाई प्राप्त जानकारी एवं दिइएका स्पष्टिकरण र कम्पनीको हिसाब किताबको परीक्षणबाट सञ्चालक समिति वा सोका कुनै सदस्य वा कुनै कर्मचारीले कानूनी व्यवस्था विपरीत कामकाज गरेको वा कम्पनीलाई हानी नोक्सानी गरेको वा हिनामिना गरेको पाइएन तथा नेपाल राष्ट्र बैकको निर्देशनको उल्लघंन गरेको हाम्रो जानकारीमा आएन ।

T. N. ACHARYA & CO. Chartered Accountants Kathmandu

सिए. टेकनाथ आचार्य
नि. टि. एन. आचार्य एण्ड कं.,
चार्टर्ड एकाउन्टेन्ट्स्

मितिः २०७२/०७/३०
स्थानः काठमाडौं, नेपाल

Tel/Fax : 01-4785528, P.O. Box No. : 13597, E-mail : tnacharyaandco@gmail.com
7th Floor, Shree Krishna Sadan, Adjacent to Everest Hotel, New Baneshwor, Kathmandu